**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख १६ गते**
गण्डकी प्रदेश सरकारको मन्त्रिपरिषदको वैशाख १६ गते बसेको बैठकले प्रदेशमा कोभिड-१९ र स्वास्थ्यसेवा प्रवाहसँग सम्बन्धित विभिन्न निर्णयहरु गरेको छ । सङ्क्रमित व्यक्तिको उपचारमा संलग्न व्यक्तिलाई ३० लाख रुपियाँ बराबरको जीवन बीमा सुविधा उपलब्ध गराउने र उपचार गर्दा लाग्ने सम्पूर्ण खर्च प्रदेश सरकारले व्यहोर्ने निर्णय गरेको छ । यसका लागि गण्डकी प्रदेश स्वास्थ्य विमा संयोजन समन्वय समिति गठन गरिएको छ । गण्डकी प्रदेशका ११ ओटा जिल्लामा सघन उपचार कक्ष निमार्ण गर्नका लागि बजेटको व्यवस्था गरिएको छ । प्रदेशका विभिन्न जिल्लाहरुमा एम्बुलेन्स चालकलाई शङकास्पद कोरोनाको बिरामी बोक्दा हुनसक्ने सम्भावित सङक्रमणबाट जोगाउन एम्बुलेन्सलाई पार्टिसन गर्ने काम भइरहेको छ ।
बन्दाबन्दीको कारण शैक्षिक संस्थाहरु तत्काल सञ्चालन हुन नसकेको कारण विद्यार्थीहरुको सिकाईलाई कसरी सहज बनाउन सकिन्छ भन्ने बारेमा प्रदेश सरकार, तनहुँ जिल्लाको स्थानीयतह र शिक्षा विकास तथा समन्वय इकाईको बीचमा वैशाख १६ गते छलफल सम्पन्न भएको छ ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार शिक्षा, विकास तथा समन्वय इकाई तनहुँको समन्वयमा भएको भर्चुअल बैठकमा गण्डकी प्रदेशको सामाजिक विकास मन्त्री नरदेवी पुन तथा तनहुँका सबै स्थानीयतहका प्रमुख र उपप्रमुखहरुको सहभागीता रहेको थियो । कोरोना भाइरसको महामारीको कारण शिक्षण संस्थाहरु तत्काल सञ्चालन हुन नसकेको अवस्थामा विद्यार्थीको सिकाई प्रक्रियालाई निरन्तरता दिन के गर्न सकिन्छ भन्ने बारेमा स्थानीयतहरुको सुझाव लिने उद्देश्यले सो बैठकको आयोजना गरिएको शिक्षा, विकास तथा समन्वय इकाई तनहुँका प्रमुख रमाकान्त शर्माले बताउनुभयो ।
कार्यक्रममा प्रदेश सरकारको सामाजिक विकास मन्त्री नरदेवी पुनले अहिलेको महामारीबाट आफूपनि बच्ने र बालबालिकाको पनि संरक्षण गर्ने कुरा सबैभन्दा महत्वपूर्ण भएको बताउनुभयो । उहाँले अहिले लामो बिदामा बालबालिकामा सिकाईको प्रक्रिया अवरोध भएको हुँदा स्थानीयतहले अभिभावकहरु मार्फत आफ्ना बालबालिकालाई रचनात्मक काममा प्रेरित गर्नुपर्ने बताउनुभयो ।
स्थानीयतहका प्रमुखहरुले पनि विद्यार्थीको सिकाई प्रक्रिया र अवरुद्ध शैक्षिक संस्थाहरुलाई कहिलेबाट सञ्चालन गर्न सकिन्छ भन्ने बारेमा थप छलफल गरिनुपर्ने बताउनुभयो । देवघाट गाउँपालिकाका प्रमुख दुर्गबहादुर थापाले लामो बिदाले बालबालिकामा पढ्ने जाँगर हराउने हुँदा अभिभावकले नै घरमा रचनात्मक काममा प्रेरित गर्नुपर्ने बताउनुभयो ।
कोरोनाका शङकास्पद व्यक्तिको स्वाब सङकलनका लागि तनहुँको दमौली अस्पतालमा बुथ निर्माण गरिएको छ । अस्पतालको आग्रहमा व्यास नपा-४ निवासी युवा वैज्ञानिक विकल्प ढुङ्गानाले अस्पतालमा स्वाब परीक्षण बुथ निर्माण गर्नु भएको हो । बाहिरबाट हावा छिर्न नसक्ने गरी बनाइएको बुथ भित्र स्वास्थ्यकर्मीले पीपीइ नलगाएर पनि कोरोनाका शङकास्पद बिरामीको स्वाब सङकलन गर्न सकिनेछ । बुथ निर्माण भएपछि कोरोनाका शङकास्पद बिरामीको सुरक्षित स्वाब सङकलनका लागि स्वास्थ्यकर्मीलाई सहयोग पुग्ने अधिकारीले बताउनुभयो । बाहिरको जीवाणु भित्र नजाने गरी बुथ निर्माण गरिएको हुँदा यो सुरक्षित भएकाले अधिकारीले बताउनुभयो ।
हालसम्म दमौली अस्पतालले कोरोनाका शङकास्पद बिरामीको स्वाब सङकलन गरेर परीक्षणका लागि पोखरास्थित स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पठाउने गरेको छ ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरेका** अनुसार पोखरा महानगरपालिकाले स्थापना गरेको राहत कोषमा हालसम्म ४ करोड १० लाख १९ हजार ७ सय ५९ रुपियाँ जम्मा भएको छ । कास्की शाखाको लक्ष्मी बैंकमा कार्यरत कर्मचारीहरुले लक्ष्मी केयर्स नामक संस्था मार्फत पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालालाई पीपीइ र मास्क
प्रदान गरेको छ ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार वैशाख १६ गते गोरखा घर भएका र काठमाडौमा अलपत्र रहेका व्यक्तिहरुको उद्धार सुरु भएको छ । पालुङटार नगरपालिकाले काठमाडौमा रहेका आफ्नो नगरपालिकाका २ सय २९ जनालाई गाडीको व्यवस्था गरेर ल्याएको छ । अझै करिब ५ सय स्थानीय गाउँ फर्कने पर्खाइमा रहेको नगरपालिकाका मेयर दिपक बाबु कडेलले बताउनुभयो । काठमाडौबाट ल्याइएकाहरुलाई ज्वँरो लगायतका स्वास्थ्य चेकजाँच गराएर मात्र नगर प्रवेश गराएको उहाँले बताउनुभयो ।
अजिरकोट गाउँपालिकाले पनि ३ सय ५८ जनालाई काठमाडौबाट ल्याएको गाउँपालिकाका अध्यक्ष फणिन्द्र धितालले बताउनुभयो । उहाँले उनीहरुलाई नौ ओटा बस रिजर्भ गरेर ल्याइएको जानकारी दिनुभएको छ । उनीहरुको स्वास्थ्य चेकजाँच गर्दा सबैको स्वास्थ्य अवस्था सामान्य पाइएको गाउँपालिकाले जनाएको छ । दुवै स्थानीयतहले यसरी काठमाडौबाट आएकाहरुलाई अनिवार्य १४ दिन होम क्वारेण्टानमा बस्न भनेका छन् । यसको निगरानी टोल स्तरमा रहेको समितिले गर्नेछ । उनीहरु होम क्वारेण्टाइनमा नबसे उनीहरुलाई मास क्वारेण्टाइनमा राख्ने स्थानीयतहले चेतावनी दिएका छन् । सिरानचोक गाउँपालिका र शहिद लखन गाउँपालिकाले पनि पालिका भित्र स्थायी घर भइ काठमाडौमा रहेकाहरुलाई ल्याउने प्रयास गरेका थिए । सङघीय सरकारले लकडाउनमा अझै कडाइ गरेपछि अन्य स्थानीयतहले स्थानीयवासीलाई गाउँ फर्काउने बनाएको योजना हाल अलमलमा परेको छ ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**काअनुसार गैर सरकारी संस्था महासंघ नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का अध्यक्ष बद्रीनाथ नेपालको संयोजकत्वमा जिल्ला स्तरीय मानव अधिकार अवस्था अनुगमन समिति नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गठन भएको छ । राष्ट्रिय मानव अधिकार आयोगको परिपत्र बमोजिम नेपाल पत्रकार महासङघ र नेपाल बार एसोसिएसन जिल्ला शाखा सदस्य रहने  मानव अधिकार अवस्था अनुगमन समिति गठन गरिएको हो । वैशाख १६ गते गठन भएको उक्त समितिको सदस्यमा नेपाल पत्रकार महासंघ नवलपुरका अध्यक्ष, नेपाल बार एसोसिएसन नवलपुरका उपाध्यक्ष अधिवक्ता र इन्सेक नवलपरासी (बर्दघाट सुस्ता पूर्व)  जिल्ला प्रतिनिधि तिर्थराज डुम्रेलाई मनोनित गरिएको संयोजक नेपालले बताउनुभयो ।
राष्ट्रिय मानव अधिकार आयोगले केन्द्र, प्रदेश र सबै जिल्लामा मानव अधिकार अवस्था अनुगमन समिति गठन गरेको छ । गठित समितिले वर्तमान जटिल परिस्थितिमा कोभिड-१९ विरुद्ध लड्न सरकारबाट भइरहेका कार्यहरु, स्वास्थ्य उपचारको व्यवस्था, आम उपभोक्ताहरुको अधिकार, अभिव्यक्ति स्वतन्त्रता, न्याय प्रशासनमा पहुँच, नागरिकको कर्तव्य लगायत कोभिड-१९ बाट प्रभावित अन्य मानव अधिकारहरुको अवस्थाको अनुगमन गरी स्थानीय स्तरमा देखिएका समस्या समाधानमा सहजीकरण गर्ने तथा राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरुमा तथ्य तथा सूचनाहरु सम्प्रेषण गर्नेछ । यस अघि आयोगले जिल्ला प्रशासन कार्यालयमा एक परिपत्र गर्दै समितिलाई आवश्यक सहयोग गरिदिन अनुरोध गरेको थियो । समिति गठन सम्बन्धमा वैशाख १६ गते नै समितिका सदस्यहरुले प्रमुख जिल्ला अधिकारी पितामबर घिमिरेलाई जानकारी गराउदै आवश्यक समन्वय तथा सहयोगको लागि अनुरोध

समेत गरेका छन् । समितिले वैशाख १७ गते देखि जिल्लाको विभिन्न स्थानमा अनुगमन गर्नेछ । देवचुली नगरपालिको खाद्यान्न बैंकमा जागृति बाल तथा युवा सरोकार नेपालले वैशाख १६ गते २ लाख रुपियाँ बराबरको खाद्यान्न सहयोग गरेको छ ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार जिल्लामा सञ्चालित कोरोना अस्पतालमा भर्ना गरिएकी एक महिला अस्पतालबाटै भागेपछि समस्या भएको थियो । फिभर क्लिनिकमा वैशाख १६ गते दिउँसो आएकी कुश्मा नगरपालिका-३ की एक महिलामा कोरोना सङ्क्रमणको लक्षण देखिएपछि चिकित्सकहरुको सल्लाह बमोजिम उनलाई आइसोलेशनमा राखेर पीसीआर प्रविधिबाट स्वाब परीक्षणका लागि पोखरा पठाउन लागिएको थियो । तर उनी भर्ना भए लगत्तै भागेपछि खोजी गर्ने क्रममा उनलाई सुरक्षाकर्मीले कुश्मा -ज्ञादी झोलुङगे पुल नजिक फेला पारेका थिए । त्यस पश्चात उनलाई पुनः अस्पतालमा राखिएको छ । उनको स्वाब परीक्षणका लागि पोखरा पठाइएको पर्वत जिल्ला अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा. शिशिर देवकोटाले जानकारी दिनुभयो ।
केही दिन देखि लकडाउन उल्लङघन गर्ने क्रम बढ्दै जान थालेपछि पर्वतमा पैदल आवतजावत गर्नेलाई समेत नियन्त्रणमा लिने निर्णय भएको छ । जिल्ला कमाण्ड पोष्टको वैशाख १६ गते बसेको बैठकले लकडाउन उल्लङघन बढ्दा सङक्रमण फैलने जोखिम बढ्ने निष्कर्ष सहित पैदल यात्रामा निस्कनेलाई समेत नियन्त्रणमा लिने निर्णय गरेको हो । लकडाउनलाई थप प्रभावकारी बनाउन पर्वत जिल्ला जोडिने सिमानामा गरिने चेकजाँचमा थप कडाइ गरिने भएको छ । कडाइ गर्ने क्रममा सवारी साधन मात्रै नभइ पैदल रुपमा हुने आवतजावतलाई समेत नियन्त्रण गरिने प्रमुख जिल्ला अधिकारी कल्पना घिमिरे नेपालले बताउनुभयो । बैठकले जिल्लामा पछिल्लो समयमा बाह्य जिल्लाबाट भित्रिएका व्यक्तिहरुको पहिचानका लागि सुरक्षा निकाय र स्थानीयतहको सहयोगमा ट्र्याकिङ गर्ने निर्णय समेत गरेको छ ।

**इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृत प्रसाद पौडेलका अनुसार वैशाख १६ गते** जिल्लामा शङकास्पद कोरोना भाइरसको बिरामीलाई ओसारपसार गर्दा एम्बुलेन्स चालकलाई हुनसक्ने सम्भावित सङक्रमणबाट बचाउन एम्बुलेन्सलाई पार्टिसन गरिएको छ । हाल म्याग्दी जिल्लाको ६ वटा स्थानीयतहमा गरी २ सय २७ जनालाई क्वारेण्टाइनमा राखिएको छ ।

**इन्सेक लमजुङ जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटी**का अनुसार लमजुङ जिल्लामा मालवाहक गाडीहरू चल्न दिइएको छ । त्यस्तै जिल्लामा लकडाउनको अवधिमा कालो बजारीलाई न्यूनीकरण गर्न बजार अनुगमनलाई तिव्रता दिइएको छ । हिमालपारीको जिल्ला मनाङमा शङकास्पद कोरोना भाइरसको बिरामीलाई ओसारपसार गर्दा एम्बुलेन्स चालकलाई हुनसक्ने सम्भावित सङक्रमणबाट बचाउन एम्बुलेन्सलाई पार्टिसन गरिएको छ ।
**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**